**२०८२ साल साउन ०२ गते तदनुसार Jul 18, 2025 शुक्रवार बैठकमा पेश भएका कार्यसुचीहरु :**

१. ठेक्काको म्याद थप सम्बन्धमा

२. प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृति सम्बन्धमा

३. आव २०८२/८३ को लागि नदीजन्य पदार्थ उत्खनन संकलन र बिक्रिको बोलपत्र आव्हान सम्बनधमा ।

४. विभिन्न ठेक्का रद्द सम्बन्धमा

५. खर्चको अनुमोदन सम्वन्धमा

६. भुक्तानी दिन बाँकी रकम सम्बन्धमा

७. अध्यक्षज्यूको भ्रमण स्वीकृत सम्वन्धमा

८. करार सेवामा नयाँ कर्मचारी पदपूर्ति सम्वन्धमा

९. कार्यालयको दर्ता तथा चलानी शाखालाई प्रविधिमैत्री बनाउने

१०. कर्मचारीको कार्य जिम्मेवारी हेरफेर तथा जिम्मेवारी सम्वन्धमा

११. दिवा खाजा क्यान्टिन सञ्चालन प्रोत्साहन अनुदान सम्बन्धमा

१२. विद्यालय भित्ते पत्रिका प्रकाशन सहायता कार्यक्रम सञ्चालन सम्बन्धमा ।

१३. लिलाम अनुमति सम्बन्धमा

१४. कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा

१५. डीपीआर स्वीकृत सम्बन्धमा

१६. शिक्षा समिति सदस्य मनोनय सम्बन्धमा ।

१७. कर्मचारीको विदा स्वीकृति सम्वन्धमा

प्रमाणित गरिएको
मिति २०८२/४/२

CamScanner

निर्णय नं. १- मानेभन्ज्याङ गाउँपालिका र खानी स्वामीनारायण जेभी, बानेश्वर, काठमाडौंबीच मिति २०८०/०३/१५ गतेभित्र सम्पन्न गर्ने गरी मिति २०७८/०२/०५ मा सम्झौता भएको मोलुङ खोला बालेथुम्का खानेपानी लिफ्टिङ योजना निर्माणको कार्यको सम्झौता म्याद २०८२/०३/१५ गते समाप्त भएको र सो कार्य सम्पन्न भईनसकेको हुँदा म्याद थपको लागि उक्त जेभीले निवेदन दिएकाले यस गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७९ को नियम १२९ अनुसार जाँजबुझ गरी सो नियमको उपनियम ३ बमोजिम तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० (क) (संशोधित) बमोजिम म्याद सकिएको मितिदेखि लागू हुने गरी मिति २०८३/०३/१५ सम्म सम्पन्न गर्ने गरी म्याद थप गर्ने निर्णय गरियो ।
त्यसै गरी मानेभन्ज्याङ गाउँपालिका र प्याराडाईज इन्नोभेटिभ एएम जेभी ललितपुर, काठमाडौंबीच मिति २०८० असार सम्ममा सम्पन्न गर्ने सम्झौता भएकोमा दुधकोशी हिलेपानी लिफ्टिङ खानेपानी योजना निर्माणको कार्य सम्झौता म्याद २०८१ असार मसान्तमा समाप्त भएको र कार्य सम्पन्न भईनसकेको हुँदा म्याद थपको लागि उक्त जेभीले निवेदन दिएकाले यस गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७९ को नियम १२९ अनुसार जाँजबुझ गरी सो नियमको उपनियम ३ बमोजिम तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० (क) (संशोधित) बमोजिम म्याद सकिएको मितिदेखि लागू हुने गरी मिति २०८३/०३/१५ सम्म सम्पन्न गर्ने गरी म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. २- यस मानेभन्ज्याङ गाउँपालिका क्षेत्रभित्र रहेका खोला नदीहरुको बगर क्षेत्रबाट संकलन/उत्खनन हुने ढुंगा, गिटी, ग्रेभल र वालुवा आदि बिक्रि तथा संकलन गर्ने कार्यको लागि यस गाउँपालिका अन्तर्गत रहेको सुनकोशी नदी र दुधकोशी नदी, मोलुङ र भण्डारे खोलाको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन (IEE) श्री आकाश कन्सल्टेन्सी र ल्याव्रटरी प्रा.लि. जनकपुरधाम, धनुषाले तयार पारी पेश गरेको तथा मानेभन्ज्याङ गाउँपालिका संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधिक-२०७९ को दफा १४ बमोजिम प्राविधिक समितिले जाँचबुझ गर्दा वातावरणमा कुनै किसिमको असर नपर्ने देखिएकोले सोही कार्यविधिको दफा ७(४) बमोजिम उक्त प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन (IEE) स्वीकृत गर्ने निर्णय गरियो ।

निणय नं. ३- यस मानेभन्ज्याङ गाउँपालिका क्षेत्रभित्र रहेको सुनकोशी, दुधकोशी नदी तथा मोलुङ र भण्डारे खोलामा रहेको नदीजन्य पदार्थ उत्खनन संकलन र विक्रिको लागि स्वीकृत आईई प्रतिवेदनको आधारमा बोलपत्र आव्हान गर्ने निर्णय गरियो ।

निर्णय नं. ४-
यस गाउँपालिकाले गत आर्थिक वर्ष २०८१/८२ मा विभिन्न निर्माण तथा खरिद कार्यको लागि आव्हान गरेको तपिसलमा उल्लिखित विभिन्न बोलपत्रहरु बोलपत्र मूल्यांकन समितिको मिति २०८२/०३/२६ को निर्णय तथा सिफारिस वमोजिम ठेक्का कार्यहरु रद्द गर्ने निर्णय गरियो ।

तपसिल:

MRM/NCB/WOBC/05/081/082
MRM/SQ/SMB/18/081-082
MRM/SQ/SMP1/20/081-082
MRM/SQ/SMP2/21/081-082
MRM/SQ/SMP3/22/081-082
MRM/SQ/SMP4/23/081-082

ज्ञानेन्द्र सुन्दाली
अध्यक्ष

MRM/SQ/SMP5/24/081-082
MRM/SQ/SMP6/25/081-082
MRM/SQ/SMP7/26/081-082
MRM/SQ/SMP8/27/081-082

निर्णय नं. ५- आर्थिक वर्ष २०८१/८२ मा प्रकोष व्यवस्थापन कोषबाट गो.भौ. नं. २९, मिति २०८२/०३/०७ मा वडा नं. १ र २ को प्राकृतिक विपदबाट क्षति पुगेको सडक मर्मतको लागि प्रयोग गरिएको इन्धन वापतको खुश्बु फ्यूल सप्लायर्सलाई भुक्तानी दिइएको रकम रु. १,१३,९९३/- रुपैयाँ खर्चको अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.-६ आर्थिक वर्ष २०८१/८२ मा गाउँपालिकाबाट वार्षिक स्वीकृत बजेट दलित लक्षित कार्यक्रम वडा ४ को सम्झौता अनुसार नपुग रकम, व्यवसायिक गाईभैसी उत्पादन प्रोत्सहन तथा गोठ सुधार कार्यक्रममा छनौट भएका पाँच वटै फर्महरुलाई गत आवमा स्रोत अभाव भई भुक्तानी नपुग रकम रु. २२,०००/- दरले नपुग रकम रु. १,१०,०००/- चालु आवको गत आवको भुक्तानी बाँकी स्वीकृत बजेट शिर्षकवाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ७- गाउँ तथा नगर सभा सदस्यहरुको सुविधा सम्वन्धी सम्वन्धी ऐन, २०७५ को दफा ८(४) वमोजिम यस मानेभन्ज्याङ गाउँपालिकाका अध्यक्ष श्री ज्ञानेत्रन्द्र रुम्दालीको मिति २०८२/४/३ देखि २०८२/४/१५ सम्मको संघीय राजधानी काठमाडौंको भ्रमण आदेश स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ८- यस गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम तथा गाउँसभाको निर्णयानुसार तपिसिल वमोजिम करार सेवामा कर्मचारी पदपूर्ति गर्ने निर्णय गरियो ।

<u>तपसिलः</u>

एक गाउँ एक कृषि/पशु प्राविधिक - पशु सेवा - २ (दुई), कृषि सेवा - १ (एक) तथा निजहरुको पारिश्रमिक मासिक रु. २४,५००/-, चाडपर्व र पोशाक भत्ता ।

कार्यालय सहयोगी - आयुर्वेद केन्द्र - १ (एक) निजको पारिश्रमिक नियमानुसार

गाउँ कार्यपालिकाको कार्यालय - २ (दुई) निजहरुको पारिश्रमिक नियमानुसार

साथै, स्वास्थ्यचौकीहरुमा रिक्त अ.हे.व. सहायकस्तर चौथो पदको १ (एक) जना करार सेवामा कर्मचारी पदपूर्ति गर्ने निर्णय गरियो ।

निर्णय नं. ९- हाल यस कार्यालयको दर्ता तथा चलानी म्यानुअल्ली भएको र दर्ता तथा चलानीलाई आधुनिक एवम् प्रविधिमैत्री बनाउनु पर्ने भएकोले सो कार्य गर्न आवश्यक भौतिक, वित्तीय र मानवीय स्रोतको आवश्यकनुसार व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं. १०- यस कार्यालयको पञ्जिकरण ईकाई सेवा केन्द्रमा कार्यरत एमआईएस अपरेटर श्री भिमकुमारी श्रेष्ठलाई करुणा फाउण्डेसन नेपालसँगको सहकार्यमा सञ्चालित अपाङ्गता रोकथाम तथा पुनःर्थपना कार्यक्रम हेर्ने थप जिम्मेवारी दिने निर्णय गरियो । साथै यस गाउँपालिकाको वडा नं. १ मा प्राविधिक तथा वडा सचिवको जिम्मेवारीमा रहनुभएको कर्मचारी श्री प्रकास राईलाई कार्यालयको प्राविधिक शाखामा कामकाज गर्ने गरी जिम्मेवारी हेरफेर गर्ने निर्णय गरियो ।

ज्ञानेन्द्र रुम्दाली
अध्यक्ष

निर्णय नं. ११- यस गाउँपालिकाको सत्रौं अधिवेशनबाट दिवा खाजा क्यान्टिन सञ्चालन तथा प्रोत्साहन अनुदान शिर्षकमा विनियोजित रु. ९,००,०००/- बजेटबाट यस पालिकाद्वारा संचलान गरिएको क्यान्टिन प्रवर्द्धन कार्यक्रममा सहभागी भई निरन्तररुपमा दिवा खाजा खुवाईरहेका विद्यालयहरुलाई विद्यार्थीको हाजिरीको आधारमा प्रति विद्यार्थी प्रति दिन रु. ५/- का दरले उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १२- यस गाउँपालिकाको सत्रौं अधिवेशनबाट विद्यालय भित्ते पत्रिका प्रकाशन सहायता कार्यक्रम शिर्षकमा विनियोजित रु. ३ लाख बजेटबाट आधारभूत (कक्षा ६-८) र माध्यमिक विद्यालय (९-१२) गरी सत्रवाट विद्यालयंहरुलाई रु. १० हजारको दरले भित्ते पत्रिका प्रकाशनको लागि आवश्यक पर्ने भित्तेपत्रिका वोर्ड खरिद/निर्माण गरी हस्तान्तरण गर्ने र बाँकी रकम भित्ते पत्रिका प्रकाशनको लागि अनुदान दिने निर्णय गरियो ।

निर्णय नं.-१३ मानेभन्ज्याङ गाउँपालिका वडा नं. ६ अन्तर्गत सञ्चालित श्री दुधकौशीका आधारभूत विद्यालय सोक्माटारको विव्यसको मिति २०८२/०३/२२ को निर्णयानुसार त्यस विद्यालयको पुरानो जस्तापाता र काठ लिलाल विक्रिको लागि अनुमति माग भई आएकाले प्राविधिक इस्टिमेट तथा मूल्यांकन मार्फत न्यूनतम मूल्य कायम गरी प्रचलित ऐनको अधिनमा रही लिलाम विक्रिको लागि अनुमति दिने निर्णय गरियो ।

निर्णय नं. १४- यस गाउँपालिकामा निर्माण भएको तपसिलमा उल्लिखित कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो

तपसिलः

क. मानेभन्ज्याङ गाउँपालिकाको कृषि पशुपन्क्षी पालक कृषक समूह/कृषि तथा पशुपंक्षी पालन फर्म प्रोत्साहन कार्यक्रम कार्यन्वायन कार्यविधि, २०८२

ख. एमबीबीएस तथा बीई छात्रवृत्ति कार्यविधि, २०८२

ग. वैदेशिक रोजगारमा गएका व्यक्तिहरुको नीजि जग्गा फलफूल बगैचा प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०८२

निर्णय नं. १५- गत आवको वार्षिक स्वीकृत कार्यक्रम जन्तरखानी खानेपानी आयोजना डीपीआर शिर्षकको वजेटवाट कन्सल्टेन्ट कम्पनी ईग्लु इन्जिनियरिङ सोलुसन प्रा.लि.सँग भएको सम्झौता अनुरुप त्यस कम्पनीवाट प्राप्त प्रारम्भिक प्रतिवेदन स्वीकार गर्ने तथा उक्त कम्पनीलाई गत आवमा भुक्तानी भएको रकम रु. ९ लाख खर्चलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. १६- मानेभन्ज्याङ गाउँपालिकाको शिक्षा ऐन, २०७६ (संशोधन सहित) को दफा ९६(ङ) को व्यवस्था बमोजिम तपसिलका व्यक्तिलाई शिक्षा समितिमा मनोनित गर्ने निर्णय गरियो ।

तपसिलः

क. श्री आश्राच राई

ख. गोमा कुमारी विश्वकर्मा

निर्णय नं. १७- यस कार्यालय तथा अन्तर्गतका कार्यालयहरुमा कार्यरत कर्मचारीले आवश्यकता र औतित्यताको आधारमा मात्र विदा स्वीकृत गरी नियमानुसार पाउने विदामा बस्नुपर्ने तथा सो अनुसार नपाईएमा प्रचलित कानुन अनुसार आवश्यक कार्वाही गर्ने प्रशासन शाखालाई निर्देशन दिने निर्णय गरियो ।

ज्ञानेन्द्र राम्दाली
अध्यक्ष

प्रमाणित गरिन्छ
२०८२/०८/१२